आ.व. २०८३।०८४
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं ०३।०८३।०८४
मिति:-२०८३।०५।२१ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिनको १२.३० बजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| [signature] | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| [signature] | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| — | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| [signature] | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| [signature] | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| [signature] | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| [signature] | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| [signature] | श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| [signature] | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| [signature] | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| [signature] | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| [signature] | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| — | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री चेतनाथ गिरी | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री चुनकुमारी दामी | वी.वी.वडा अ. | ता.न.पा.१० | |
| श्री गिता भट्टराई | 〃 | ता.न.पा.४ | |

निर्णय नं. १
तानसेन नगर नगरकार्यपालिकाको मिति २०८३।४।२८ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।
निर्णय नं. २
तानसेन नगरपालिकामा कार्यरत लेखा अधिकृत कृष्ण प्रसाद ज्ञवाली रा.प.अ. द्वितीय श्रेणी उपसचिव पदमा बढुवा भई नियुक्ति लिईसकेको हुँदा हाल सोही शाखामा कार्यरत सहायक लेखा अधिकृत ( अधिकृत छैठौ) सन्तोष गैरेलाई अर्को व्यवस्था नभए सम्मका लागि तानसेन नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारी सहित आ.व. ०८३।०८४ को खाता सञ्चालन गरी आर्थिक कारोवारको जिम्मा दिन को.ले.नि.का. पाल्पालाई लेखी पठाउने निर्णय गरियो ।
निर्णय नं. ३
तानसेन नगरपालिका वडा नं २ स्थित डाँडाधारा अव्वस्थित पुनर्स्थापना केन्द्र भवनमा विगत लामो समय देखि युनाईटेड मिशन अस्पताल पाल्पाले कुपोषित बालवालिकाहरुको नि:शुल्क स्वास्थ्य पुनर्स्थापन (सेवामुलक) कार्य सञ्चालन गर्दै आएकोमा हाल तानसेन नगरपालिकासँग गरिएको सम्झौताको म्याद समाप्त भएकोले अर्को व्यवस्था नभएसम्मको लागि नगरपालिकालाई आवस्यक परेको समयमा जुनसुकै बखत उपलब्ध हुने शर्तमा सम्झौता गरी सम्झौताको मितिले पुन ५ (पाँच) वर्षसम्म म्याद थप गरी अझ प्रभावकारी रुपमा उक्त पुनर्स्थापन सेवा कार्यक्रम सञ्चालन गर्न दिने निर्णय गरियो ।
निर्णय नं. ४
तानसेन नगरपालिकाको इतिहास हेर्दा सेन वंशीय शासन काल देखि नै तानसेनको इतिहास रचेको देखिन्छ । पुरातत्व विभागको प्रस्ताव र माग वमोजिम UNESCO मार्फत विश्व सम्पदा सूचीमा दर्ता गर्न सकिने देहायका ऐतिहासिक सम्पदा, धरोहर, स्थलहरु, साँस्कृतिक महत्वका वस्तुकला, अभिलेखहरु तथा दस्तावेजहरुलाई संरक्षण सम्वर्धन र अभिलेखिकरण गर्ने एवं प्रकाशनमा ल्याउने हेतुले तानसेन नगरपालिकाले विभिन्न इतिहासविद्हरु, योजनाकारहरु तथा विष्लेशकहरुसँग TOR तयार गरी अनुसन्धानात्मक लेख रचना माग गर्ने र सो लेख रचना र अन्य महत्वपुर्ण भौतिक तथा अभौतिक दस्तावेजको आधारमा तानसेनलाई मध्यकालिन शहरको रुपमा स्थापना गर्ने निर्णय गरियो । सोको लागि आवस्यक आधार तयार गर्न देहायको विषयक्षेत्र सहितको लेख रचनाहरुलाई छनौट गरी छनौटमा परेको उत्कृष्ट लेख तथा रचनाहरुलाई सम्मान स्वरुप तानसेन नगरपालिकाको आ.व. ०८३।०८४ **प्रज्ञा प्रतिष्ठान अन्तर्गत मध्यकालिन शहर अनुसन्धानात्मक लेख रचना** शिर्षकवाट लेख रचना वापत लेख रचनाकारलाई रु.३०००००। रकम मध्यबाट उपयुक्त पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।
**देहाय:**
श्री ७ रणउजिरेश्वरी भगवती मन्दिर र परिसर ।
श्री पाल्पा दरवार र परिसर ।
श्री अमरनारायण मन्दिर परिसर ।
श्री अमरगञ्ज वटुक भैरव र परिसर ।
श्री ३ धारा क्षेत्र ।
श्री प्रभास र वंशगोपाल क्षेत्र ।
श्री आनन्द विहार र परिसर ।
श्री महाचैत्य विहार र परिसर ।
श्री ऋषिकेशव परिसर रुरु (रिडी) क्षेत्र ।
श्री भैरव मन्दिर र परिसर (रिब्दीकोट) ।
श्री माण्डव्य ऋषि तपांभूमि क्षेत्र ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको नगर गान रचनाका लागि सूचना प्रकाशन भईसकेकोमा उक्त सूचना बमोजिम प्राप्त भएको नगर गान रचनाको छनौट गर्न देहायको विज्ञ समिति गठन गर्ने र उत्कृष्ट नगर गानको पारिश्रमिक बापत तानसेन नगरपालिकाको आ.व. ०८३।०८४ को **प्रज्ञा प्रतिष्ठान अन्तर्गत नगर गान** शिर्षकबाट रु.५०,०००। (पचासहजार मात्र) भुक्तानी दिने निर्णय गरियो । साथै छनौट समितिलाई नगरपालिकाको नर्मस अनुसार बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**विज्ञ समिति**

| | | |
|---|---|---|
| १ श्री सोमनाथ अर्याल | वडा अध्यक्ष वडा नं. ८ | संयोजक |
| २ श्री मदन देउराली | वडा नं. २ (विषय विज्ञ) | सदस्य |
| ३ श्री टंक पन्त | क्याम्पस प्रमुख त्रि.ब.क्या.पाल्पा | सदस्य |
| ४ श्री शंकर गैरे | प्राध्यापक त्रि.ब.क्या.पाल्पा | सदस्य |
| ५ नेत्र गौतम | वडा नं.७ (विषय विज्ञ) | सदस्य |

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको आयोजना तथा द एशिया फाउण्डेशनको सहयोगमा मिति २०८३ असोज १४ देखि १६ गतेसम्म आयोजना गरिने अन्तरपालिका स्तरीय अशल अभ्यास आदानप्रदान कार्यक्रमको सहभागिता सम्बन्धमा मिति २०८३।०५।११ गतेको बैठक नं. १ को निर्णय नं. ५ को निर्णय संशोधन गरी मिति २०८३ मंसिर १२ र १३ गतेसम्म (२) दुईदिन आयोजना गर्ने निर्णय गरियो । उक्त कार्यक्रममा करिव ३०० जनाको सहभागिता रहने अनुमान गरिएको छ । तानसेन नगरपालिकाले यस कार्यको समग्र व्यवस्थापनको साथ प्रभावकारी रुपमा कार्यक्रमको आयोजना तथा व्यवस्थापन मिलाउने साथै उक्त कार्यक्रम तानसेन नगरपालिकाको आयोजनामा सञ्चालन हुने भएकोले कार्यक्रमको लागि अनुमानित रकम रु.५,००,०००। खर्च हुने भएकोले तानसेन नगरपालिकाको आ.व.०८३।०८४को नगर विकास योजनाको **स्थानीय सरकार सवलीकरण कार्यक्रम शिर्षकबाट** खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिकाद्धारा विगतमा **हाम्रो तानसेन तानसेन गतिविधि** अङ्क प्रकाशन गर्दै आएकोमा पून अर्को अङ्क **हाम्रो तानसेन तानसेन गतिविधि सहित**को मुखपत्र (पत्रिका) प्रकाशनको प्रकृया अगाडि वढाउने र सो कार्यको लागि सबै वडाहरुबाट २०८३ आस्विन महिना भित्र मुख्य मुख्य कार्य प्रगति सहितको विवरण संकलन गरी उक्त मुखपत्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कोरियाको बुसान महानगरपालिकाको निमन्त्रणा तथा Tourism Promotion Orginazation संस्थाको आयोजनामा सञ्चालन हुने कार्यक्रममा नगरपालिकाको आर्थिक दायित्व नपर्ने गरी तानसेन नगरपालिकाको तर्फबाट नगर प्रमुख सन्तोषलाल श्रेष्ठ र नगर उपप्रमुख प्रतिक्षा गाहा सिंजालीको सहभागिता रहने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिकाको लागि आवस्यक रहेको अपाङ्गता सम्वन्धी ऐन र आदिवासी सम्वन्धी ऐन निर्माण गर्न विधायन समितिलाई जिम्मा दिने निर्णय गरियो । साथै अपाङ्गता सम्वन्धी ऐन तर्जुमाका लागि सम्वन्धित संस्थाबाट आवस्यक राय परामर्श लिने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको मिति २०८३।३।१८ गतेको कार्यपालिका बैठक र मिति २०८३।३।२६ को १९औं नगरसभाबाट पारित तानसेन नगरपालिकामा कार्यरत सेवा करारका कर्मचारीहरुलाई दिने तलब भत्ता र

बैकुण्ठ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

पारिश्रमिकको सम्बन्धमा लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा प्रकाशित प्रदेश राजपत्र २०८३ श्रावण १ गते देखि लागुहुने व्यवस्थामा सेवा करारका विषयमा उल्लेख नगरेको कारण सेवा करारका कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधा दिन सकिने नसकिने विषय गौण देखिएको हुँदा तानसेन नगरपालिकामा सेवा करारमा कार्यरत रहेका कर्मचारीहरुको लागि लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा प्रकाशित प्रदेश राजपत्र २०८३ ले तोके बमोजिम स्थायी कर्मचारीलाई तोकेको न्यूनतम् तलब बराबरको पारिश्रमिक दिने र नगर प्रहरीहरुको हकमा स.प्र.ह. (कमाण्डर) प्रहरी जवान (सहायक) र प्रहरी का.स. पद रहनेगरी पद व्यवस्थापन गरी उल्लेखित पदमा तोकीएको न्यनतम् पारिश्रमिक दिने र नियमित गर्ने निर्णय गरियो ।

देहाय:

**तानसेन नगरपालिकामा कार्यरत सेवा करार र दै.ज्यालादारीका कर्मचारीहरुको २०८३ पौष मशान्तसम्म म्याद र वार्षिक पारिश्रमिक थप**

| क्र.स. | कर्मचारीको नाम थर | तह | पद | सेवा | समुह | शाखा | ०८३।०८४ को लागि स्वीकृत |
|---|---|---|---|---|---|---|---|
| १ | शंकर भण्डारी | सहायक स्तर पाचौ | सरसफाई व्यवस्थापक | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | ३८,२०३ (थपिदै आएको ३२२०।) |
| २ | सुमित्रा रावल | सहायक स्तर पाचौ | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | योजना | ३८२०३ |
| ३ | विनोद भण्डारी | सहायक स्तर पाचौ | सव ईन्जिनीयर | स्थानीय ईन्जिनीयरिङ्ग | सिभिल | पुर्वाधार | ३८२०३ |
| ४ | नकुल नेपाल | सहायक स्तर पाचौ | सव ईन्जिनीयर | स्थानीय ईन्जिनीयरिङ्ग | सिभिल | पुर्वाधार | ३८२०३ |
| ५ | लक्ष्मी थापा खनाल | सहायक स्तर पाचौ | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | प्रमुख सचिवालय | ३८२०३ |
| ६ | नारायण पाण्डे | सहायक स्तर चौंथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | प्रशासन, पंजिकरण | ३६१९२ |
| ७ | प्रशुमा महर्जन | सहायक स्तर चौंथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | राजश्व | ३६१९२ |
| ८ | भुपेन्द्र कार्की | सहायक स्तर चौंथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | आर्थिक प्रशासन | ३६१९२ |
| ९ | सुरेश कुमार न्यौपाने | सहायक स्तर चौंथो | अ.सव ईन्जिनीयर | स्थानीय ईन्जिनीयरिङ्ग | सिभिल | पुर्वाधार | ३६१९२ |
| १० | मनिराम पाण्डे | सहायक स्तर चौंथो | प्रशासन सहायक | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | ३६१९२ |
| ११ | विष्णु कुमारी खाती | सहायक स्तर चौंथो | प्रशासन सहायक | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | ३६१९२ |
| १२ | गृष्णा थापा | सहायक स्तर चौंथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | प्रशासन | ३६१९२ |
| १३ | निशान्त रिङ्गजाली | सहायक स्तर चौंथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | प्रशासन | ३६१९२ |

[illegible] गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | निशा घिमिरे | सहायक स्तर चौथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | प्रशासन | ३६१९२ |
| १५ | सिर्जना शाह | सहायक स्तर चौथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | प्रशासन | ३६१९२ |
| १६ | उमकला कुमाल | सहायक स्तर चौथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | प्रशासन | ३६१९२ |
| १७ | तारा ज्ञवाली अर्याल | सहायक स्तर चौथो | कम्प्युटर अपरेटर | स्थानीय प्रशासन | विविध | प्रशासन | ३६१९२ |
| १८ | जय प्रकाश उप्रती | सहायक स्तर चौथो | नगर प्र. कमान्डर ( प्र.स.ह) | स्थानीय प्रशासन | नगर प्रहरी | प्रशासन | २९२०९ |
| १९ | शंकर रावल | सहायक | नगर प्रहरी(प्र.ज) | स्थानीय प्रशासन | नगर प्रहरी | प्रशासन | २८६९० |
| २० | वद्रि विक्रम खपाङ्गी मगर | सहायक | नगर प्रहरी(प्र.ज) | स्थानीय प्रशासन | नगर प्रहरी | प्रशासन | २८६९० |
| २१ | शावित्रा सोमै | नगर प्रहरी | नगर प्रहरी (प्र.का.स) | स्थानीय प्रशासन | नगर प्रहरी | प्रशासन | २७१७२ |
| २२ | लोकेन्द्र न्यौपाने | नगर प्रहरी | नगर प्रहरी (प्र.का.स) | स्थानीय प्रशासन | नगर प्रहरी | प्रशासन | २७१७२ |
| २३ | कृष्ण वस्याल | नगर प्रहरी | नगर प्रहरी (प्र.का.स) | स्थानीय प्रशासन | नगर प्रहरी | प्रशासन | २७१७२ |
| २४ | विनोद विष्ट | नगर प्रहरी | नगर प्रहरी (प्र.का.स) | स्थानीय प्रशासन | नगर प्रहरी | प्रशासन | २७१७२ |
| २५ | शान्ता के.सी. | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन द.च. | २७१७२ |
| २६ | निर्मला थापा मगर | श्रेणी विहिन | माली | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| २७ | रविकर श्रेष्ठ | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| २८ | पार्वती कुमाल | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| २९ | दिक्षा भण्डारी | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ३० | मेलिना खड्का | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ३१ | तिनाउ भट्टराई | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ३२ | विष्णु कुमारी पाण्डे | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ३३ | कुल बहादुर गहतराज | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | सरस्वती पाण्डे | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ३५ | देवका बुढामगर | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ३६ | माधव पौडेल | श्रेणी विहिन | हे सवारी चालक | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | ३२७०१ |
| ३७ | सुमन बहादुर कुमाल | श्रेणी विहिन | ह.स.चालक | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | ३०३७३ |
| ३८ | मनोज रुचाल | श्रेणी विहिन | हे सवारी चालक (दमकल) | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | ३२७०१ |
| ३९ | निरन्जन रावल | श्रेणी विहिन | ह.सवारी चालक | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | ३०३७३ |
| ४० | गोकुल थापा | श्रेणी विहिन | ईलेक्ट्रिसियन( चतुर्थ) | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | ३२७०२ |
| ४१ | विमल परियार | श्रेणी विहिन | ईलेक्ट्रिसियन सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ४२ | ज्ञानधर पुन मगर | माली | माली | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ४३ | विष्णु बहादुर थापा | श्रेणी विहिन | सरसफाई कर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ४४ | पुर्ण वहादुर राउत | श्रेणी विहिन | चौकीदार | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ४५ | सरिता समरखाती | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ४६ | सुरक्षा भाट | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ४७ | तारा बहादुर सारु | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ४८ | नन्दकुमारी खप्तरी | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ४९ | मिरा चिदी | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ५० | रामु भण्डारी | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ५१ | स्यामकला पराजुली | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासन | २७१७२ |
| ५२ | माया कार्की | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | स्वास्थ्य | २७१७२ |
| ५३ | राधा थापा | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | स्वास्थ्य | २७१७२ |
| ५४ | शुसिला भण्डारी न्यौपाने | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | स्वास्थ्य | २७१७२ |

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५५ | अम्बिका पाण्डे | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | स्वास्थ्य | २७१७२ |
| ५६ | नैना पाण्डे | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | स्वास्थ्य | २७१७२ |
| ५७ | कल्पना रास्कोटी | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | स्वास्थ्य | २७१७२ |
| ५८ | मिना गैरे भट्टराई | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | स्वास्थ्य | २७१७२ |
| ५९ | गिता विष्ट | श्रेणी विहिन | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | स्वास्थ्य | २७१७२ |

पि.एल.जि.एस.पी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रकाश गैरे | अधिकृत सातौ | सूचना प्रविधि अधिकृत | | | सुचना प्रविधि | ५०,४३६ |

स्वास्थ्य

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | शोभा विश्वकर्मा | सहायक चौथो | अहेव | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| २ | पुजा अर्याल | सहायक चौथो | अनमी | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| ३ | श्रृष्टी दवाडी | सहायक चौथो | अनमी | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| ४ | मुन्नु खड्का | सहायक चौथो | अनमी | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| ५ | दिपा सौमै | सहायक चौथो | अहेव | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| ६ | मन्जु भट्टराई | सहायक चौथो | अहेव | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| ७ | ममता राना | सहायक चौथो | अनमी | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| ८ | विपिन खाती | सहायक चौथो | ल्याव अ. | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| ९ | विनिता काफले | सहायक चौथो | ल्याव अ. | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| १० | खुम बहादुर थापा | सहायक चौथो | अहेव | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| ११ | अरुण कार्की | सहायक चौथो | अहेव | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| १२ | दिव्या अधिकारी | सहायक चौथो | अनमी | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| १३ | प्रतिज्ञा खनाल | सहायक चौथो | अनमी | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |
| १४ | कुन्ती वराल | सहायक चौथो | अहेव | स्थानीय स्वास्थ्य | | स्वास्थ्य | ३६१९२ |

कृषि

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आश्मा कार्की | अधिकृत | कृषि स्नातक | | | कृषि | ४८०५८ |

दिनानाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छैठौ | | | | शाखा | |
| २ | सुष्मा चापागाई | सहायक चौथो | स.कृषि प्रा. | | | कृषि शाखा | ३६१९२ |

पशु सेवा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | विशाल वस्याल | अधिकृत छैठौ | पशु चिकित्सक | | | पशु विकास शाखा | ४८,०५८ |
| २ | सुविन घिमिरे | सहायक चौथो | ना.प.से.प्रा | | | पशु विकास शाखा | ३६१९२ |
| ३ | विरेन्द्र थापा | सहायक चौथो | ना.प.से.प्रा | | | पशु विकास शाखा | ३६१९२ |

सरसफाई कर्मचारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | नन्दराम वि.क. | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | २७१७२ |
| २ | फटिकराज दर्जी | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | २७१७२ |
| ३ | लक्ष्मी दर्जि | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | २७१७२ |
| ४ | ईन्दिला विश्वकर्मा | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | २७१७२ |
| ५ | शर्मिला दर्जी | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | २७१७२ |
| ६ | आईतराम वोटे | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | २७१७२ |
| ७ | लोक वहादुर नेपाली | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | २७१७२ |
| ८ | शेर वहादुर नेपाली | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | सरसफाई | २७१७२ |
| ९ | ममता राना | श्रेणी विहिन | सरसफाईकर्मी | स्थानीय प्रशासन. | सामान्य प्रशासन | सरसफाई | २७१७२ |

सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्नादर्ता सुद्रिढिकरण आयोजना

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | गिता जि.आर. | स.चौथो | फिल्ड सहायक | | | पञ्जिकरण | ३६१९२ |

उद्यम विकास

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आशा वि.क. | स.चौथो | उद्यम वि.सहजकर्ता | | | मेड्पा | ३६१९२ |

प्रधानमन्त्री रोजगार

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | राधा घिमिरे | अधिकृत छैठों | रोजगार संयोज्क | | | रोजगार से. केन्द्र | ४८०५८ |

सामी कार्यक्रम

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | दिनेश घिमिरे | अधिकृत छैठौ | जिल्ला कार्यक्रम संयोजक | | | सामी कार्यक्रम | ४८०५८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | कुसुम आले फाल | स.पाचौ | मनोसामाजिक परामर्श कर्ता | | | सामी कार्यक्रम | ३८,२०३ |
| ३ | सन्ध्या विश्वकर्मा | स.पाचौ | आप्रवासी श्रोत केन्द्र परामर्श कर्ता | | | सामी कार्यक्रम | ३८,२०३ |
| ४ | विशाल नेपाल | स.पाचौं | आप्रवासी श्रोत केन्द्र परामर्श कर्ता | | | सामी कार्यक्रम | ३८,२०३ |
| ५ | सोम बहादुर गाहा | | रिटर्नी स्वयंसेवक | | | सामी कार्यक्रम | १६५४०।- |
| दैनिक ज्यालादारी | | | | | | | |
| १ | यम बहादुर सारु | श्रेणी विहिन | कास | माली | | प्रशासन | दै.९०५ |
| २ | नारायण श्रेष्ठ | श्रेणी विहिंन | कास | कास | | प्रशासन | दै.९०५ |
| ३ | सुशिल ज्ञवाली | श्रेणी विहिन | कास | कास | | प्रशासन | दै.९०५ |
| ४ | सुधन बुढाथोकी | श्रेणी विहिन | विद्युत सहयोगी | सहयोगी | | प्रशासन | दै.९०५ |
| ५ | युवराज सोमै | श्रेणी विहिन | हेवी सवारी चालक | हेवी सवारी चालक | | प्रशासन | दै.१०९० |

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको एक स्वास्थ्य अवधारणा कार्यान्वयन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिकामा सञ्चालित सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत आप्रवासी केन्द्रबाट प्रदान गरिने सूचना तथा परामर्श, वित्तीय साक्षरता, निःशुल्क कानुनी सहायता र सीप विकास तालिम सहजीकरण लगायतका सेवाहरू तथा मनोसामाजिक परामर्श सेवाहरु अन्तर्गत घरेलु हिंसा, प्रकोप र विपद् व्यवस्थापनका कार्यक्रम सञ्चालन गरी सम्बन्धित शाखा प्रमुख समक्ष प्रगति प्रतिवेदन पेश गर्ने साथै वैदेशिक रोजगारीको वर्तमान अवस्थालाई विश्लेषण गरी यसलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाएर सामाजिक लागत न्यूनीकरण गर्न तीन तहका सरकारको साझेदारीमा बैदेशिक रोजगारी सम्बन्धि सेवाहरुको सस्थागत रुपमा व्यवस्थापन तथा सन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिकाको महिला मैत्री पूर्वाधार विकास आयोजना व्यवस्थापन समितिको बैठकबाट सिफारिस भई आएको तानसेन नगरपालिकाबाट चालु आ.व.२०८३/०८४ को नगर विकास योजनामा उपप्रमुख महिला मैत्री पूर्वाधार विकास कार्यक्रमतर्फ विनियोजन भएको रु.२००००००।- (अक्षेरुपी बीस लाख रुपैया मात्र) बाट महिला मैत्री पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०-को दफा ७ बमोजिमका देहाय बमोजिमका आयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय :**

| सि.नं. | आयोजनाको नाम | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | नारनडाँडा खानेपानी टङ्की निर्माण | ता.न.पा.१ | ५०००००। |

...नाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २ | निसानधारा खानेपानी धारा तथा क्रियापुत्री भवन मर्मत सम्भार | ता.न.पा.३ | ५०००००। |
| ३ | मोहन्कन्या मा.वि.अधुरो सभाहल निर्माण तथा मर्मत सम्भार | ता.न.पा.४ | ५०००००। |
| ४ | शक्तिपीठ कालीका मन्दिर जाने बाटो तथा प्राङ्गण निर्माण | ता.न.पा.१३ | ५०००००। |
| | | **जम्मा** | २००००००। |

**निर्णय नं. १४**

तानसेन खानेपानी उपभोक्ता समितिवाट २/२ सेट मोटरपम्प माग सहित पत्राचार गरेकोले तानसेन नगरपालिकाको आ.व. ०८३।०८४ को तोकिएको शिर्षकवाट रु.३०,०००००। (तीसलाख मात्र) मा नबढ्नेगरी तानसेन खानेपानी उपभोक्ता समितिको समेत लागत साझेदारीमा सार्वजनिक खरिद ऐन र अन्य ऐन नियम भित्र रही तानसेन नगरपालिको समन्वय र प्राविधिक सहयोगमा मोटरपम्प खरिद गर्न तानसेन खानेपानी उपभोक्ता समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

नेवा: दय् दबू तानसेन नगर समिति, पाल्पाले शंखधर साख्वावाट प्रतिपादित नेपाल सम्वतको प्रचार प्रसार र नेपाल सम्वत् ११४७ को नेवारी लिपी सहितको क्यालेण्डर प्रकाशन गर्न लागेकोले नेपाल सम्वतको प्रचार प्रसार तथा नेपाल सम्वत् ११४७ को नेवारी लिपी सहितको क्यालेण्डर प्रकाशन गर्नका लागि तानसेन नगरपालिकाको आ.व. ०८३।०८४ को कला संस्कृति शिर्षकवाट रु.५०,०००। भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन नगरपालिकावाट विगतमा वितरण गर्दै आएको अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तिहरुको वर्तमानको अवस्था एकिन गरी पुनर्मूल्याङ्कन र अध्यावधिक गर्दै आगामी आ.व देखि नियमित गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १७**

यही २०८३ भाद्र १० गते विहान करिव ८.३० वजे रसुवाको भोटेकोशी र त्रीशुली नदीमा आएको बाढीका कारण देशमा ठुलो धन जनको क्षेती भई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार लगायत विभिन्न संघसंस्थाहरु र विभिन्न समुदायहरुवाट नियमित उद्धार, पुनर्स्थापना तथा राहत कार्यमा जुटिरहेको अवस्थामा यस्तो दु:खद तथा अकल्पनीय विपद्मा परेकाहरुलाई राहत स्वरुप सहयोग गर्न तानसेन नगरपालिकाका सवै जनप्रतिनिधीहरुवाट १ महिनाको सुविधाको २५% र नगरपालिका अन्तर्गत कार्यरत सवै कर्मचारी र शिक्षकहरुको प्रधानमन्त्री कार्यालयको सचिव स्तरको वैठकवाट तोकिए वमोजिमको रकम एकमुष्ठ गरी प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिकामा सञ्चालन भएको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को हालसम्मको कार्यको अवस्थाको प्रगति बारे वैठकमा जानकारी भयो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिका वडा नं. ८ मा रहेको २००८ सालमा स्थापना भएको श्री शारदा मा.वि.ले यही मिति २०८३ मंसिर २५ गते ७५औं वार्षिकोत्सव (प्लाटिनम् उत्सव) सम्पन्न गर्न लागेकोमा उक्त

[illegible] गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

विद्यालय भवन रङरोगन गर्न विद्यालयबाट निवेदन सहित माग गरेकोले उक्त विद्यालय भवन रङरोगन गर्न तानसेन नगरपालिकाको शिक्षा अन्तर्गत **विद्यालय मर्मत सम्भार तथा फर्निचर व्यवस्थापन** शिर्षकवाट रु. ४०००००। (चारलाख मात्र) रकम विनियोजन गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०**

नेपाल बिद्युत प्राधिकरण पाल्पा वितरण केन्द्रवाट मिति २०८३।४।२९ गते बक्यौता विद्युत महशुल रकम रु. १०,२९,०४,१६५।३० सहितको विवरण वैठकमा जानकारी भयो ।

**निर्णय नं. २१**

जिल्ला क्रिकेट संघ पाल्पाको आयोजना र नेपाल क्रिकेट संघको प्राविधिक सहयोगमा एम्पायर एवं स्कोर सम्वन्धी ३ दिने आधारभुत तालिम सम्पन्न भएले उक्त तालिममा तानसेन नगरपालिकाको लागत सहभागिता रकम रु. ४०,०००। तानसेन नगरपालिकाको आ.व. ०८३।०८४ को शिक्षा अन्तर्गत **खेल सहभागिता, खेल सामाग्री व्यवस्थापन, क्षमता विकास तालिम** शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

तानसेन नगरपालिका वडा नं. १४ चिदिखानेपानी क्षेत्रमा लिफ्टीङ्ग खानेपानीको थ्रीफेज विद्युत मोटर पम्प, खानेपानी टङ्की र मूल विग्रेर खानेपानीमा समस्या भई मर्मत गर्नका लागि वडावाट रु.१,१०,०००। प्रस्तावित वजेट सहित सिफारिस भई आएकोले उक्त विद्युत मोटर पम्प, खानेपानी टङ्की र मूल मर्मत गर्नका लागि तानसेन नगरपालिकाको **मर्मत सम्भार कोष शिर्षकवाट** नियमानुसार रु.१,१०,०००। भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन नगरपालिकामा हाल २ वटा दमकल सञ्चालनमा रहेकोमा दमकल चालक १ जना मात्र भई आपतकालीन सेवामा समस्या रहेकोले थप १ जना दमकल चालक (हेवी सवारी चालक) सेवा करारमा लिनका लागि प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. २४**

तानसेन नगरपालिका वडा नं. ६ आधारभुत स्वास्थ्य केन्द्र लहरेपिपलको नाममा स्वीजरल्याण्ड रोटरी क्लवको सहयोगमा प्राप्त हुने ख वर्गको "एम्वुलेन्स"को सञ्चालन तथा व्यवस्थापन गर्न नेपाल परिवार नियोजन संघ पाल्पा शाखालाई जिम्मा दिनेगरी सम्झौता प्रक्रिया अगाडि वढाउने साथै तानसेन नगरपालिका र वडा कार्यालय एम्वुलेन्सको रेखदेख र संरक्षणको मुख्य जिम्मेवारी रहने गरी **तानसेन नगरपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८३** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

तानसेन नगरपालिका वडा नं. १३ स्थित ऐतिहासिक रानीमहल दरवारको प्रवेश शुल्क सङ्कलनका लागि तानसेन नगरपालिकावाट दुई पटकसम्म ठेक्का लगाउदासम्म कुनै ठेक्का नलागेको हुँदा तानसेन नगरपालिकाले अमानतवाट रानीमहल दरवारको प्रवेश शुल्क सङ्कलन गर्ने साथै नगरभित्र लगाउने पार्किङ्ग शुल्कका सम्वन्धमा समेत दुईपटक ठेक्का आव्हान गर्दा पनि ठेक्का नलागेको कारण नगरपालिकाले तोकेको न्युनतम् रकममा नघट्ने गरी वार्ता विधिवाट नियमानुसार पार्किङ्ग शुल्क संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिकामा विगत लामो समय देखि असुली वाँकी रहेका र वेरुजु देखिएका, उपभोक्ता समिति वेरुजु फछ्र्यौट वाँकी रकम, गाउँनगर साझेदारी कार्यक्रम वाँकी रकम, विभिन्न वैंकहरु मार्फत ऋण वाँकी रकम तथा सडक र अन्य क्षेत्रको वहाल विटौरी वाँकी रकम अशुली तथा फरफारक गर्नका

देवनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

लागि प्रमुख प्रशासकीय अधिकृतको निर्देशन रहनेगरी राजश्व शाखा प्रमुखको संयोजकत्वमा देहाएको कार्यदल गठन गर्ने र उक्त कार्यदलले कार्यालय समयको अतिरिक्त बिहान साँझ समेत थप समय काममा लगाउने साथै उक्त थप समय काम गरेको अतिरिक्त तोकिए बमोजिम पारिश्रमिक दिने निर्णय गरियो ।

**कार्यदल:**

| | | |
|---|---|---|
| श्री विष्णु पौडेल | ब.प्रशासकीय अधिकृत | संयोजक |
| श्री भरत प्रसाद आचार्य | प्रशासकीय अधिकृत | सदस्य |
| श्री मधुसुदन घर्ती | ,, | सदस्य |
| श्री सन्तोष गैरे | सहायक लेखा अधिकृत | सदस्य |
| श्री सुनिता भण्डारी | प्राविधिक अधिकृत | सदस्य |
| श्री रामजी बहादुर कार्की | ब.प्रशासन सहायक | सदस्य |

**निर्णय नं. २७**

लुम्बिनी प्रदेश सरकारले निर्माण गरी तानसेन नगरपालिकालाई हस्तान्तरण गरेको तानसेन नगरपालिका वडा नं. ५ बतासेडांडा स्थित श्रीनगर सांस्कृतिक डबली विगत केही वर्षदेखि अपेक्षाकृत रुपमा संचालन हुन नसककोले तानसेन नगरपालिका भित्र कियाशील स्थानीय कला तथा संस्कृति प्रर्वद्धनमा संलग्न उपयुक्त संस्थासँग ता.न.पा.को राजश्व अभिवृद्धि सुनिस्चित हुने, डबलीको रेखदेख, मर्मत सम्भार जस्ता आधारभूत सञ्चालन खर्च उक्त संस्थाले नै व्यहोर्ने गरी तोकीएको शर्त समावेश गरी द्धिपक्षीय सम्झौता गरेर मिति २०८४ असार मसान्तसम्मका लागि परिक्षणको रुपमा श्रीनगर सांस्कृतिक डबली सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

मित्रराष्ट्र चीनको तिब्बत क्षेत्रवाट रसुवाको भोटेकोशी नदीमा आएको अकल्पनीय र विनाशकारी बाढी र पहिरोमा परी अमूल्य धनजनको क्षति भएको खबरले हामीलाई स्तब्ध र मर्माहत बनाएको छ । यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनु हुने सम्पूर्ण बुबा आमा, दिदीबहिनी तथा दाजुभाइहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस घडीमा सन्तप्त परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दै धैर्यधारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दछौं । साथै, घाइते हुनुभएका सम्पूर्णको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै राहत र उद्धार कार्यमा खटिनुहुने सम्पुर्णहरुमा आभार प्रकट गर्दै राहत र उद्धार कार्य थप प्रभावकारी बनोस् भन्ने चाहना राख्दछौं ।

देवनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख